०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२९
info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश,नेपाल

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

तानसेन, पाल्पा

प.स :- २०८२/०८३
च.न :-

## हार्दिक समवेदना

नेपालमा भदौ २३ गते आयोजित जेन जेड आन्दोलन (Gen Z Movement) क्रममा देखिएका घटनाहरूले तानसेन नगरपालिकालाई गहिरो दु:ख र पीडा दिएको छ । लोकतान्त्रिक समाजमा नागरिकले शान्तिपूर्ण रुपमा आफ्नो आवाज उठाउने अधिकार सुरक्षित छ, तर त्यस क्रममा उत्पन्न अनावश्यक घटना र क्षतिहरू दु:खद विषय बनेका छन् ।

तानसेन नगरपालिका यस घटनाका मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ । घटनाका घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै, मृतक परिवारप्रति समवेदाना तथा धैर्य-धारणाको शक्ति प्राप्त होस् भन्ने कामना गर्दछ ।

किशोर तथा युवाहरू राष्ट्रको आधारशिला हुन् । तानसेन नगरपालिका उनीहरूको आशा, आकांक्षा र उज्ज्वल भविष्यका लागि सदैव प्रतिवद्ध रहँदै आएको छ र आगामी दिनमा पनि प्रतिवद्ध रहनेछ ।

जेन जेड आन्दोलनमा भएको घटनाबाट उत्पन्न दु:खद घडीमा सम्पूर्ण पीडित पक्षलाई पुग्न गएको क्षति प्रति गहिरो दु:ख प्रकट गर्दै आन्दोलनका सहभागीहरूलाई संयमता पूर्वक आन्दोलनमा सहभागी भई आफ्ना मागहरु राख्न र सम्बन्धित सरोकारपक्षलाई गम्भीर बन्न अनुरोध सहित मृत आत्माहरुको चीर शान्तिको कामना गर्दै आज भदौ २४ गते एक दिन तानसेन नगरपालिका भित्रका विद्यालयहरुमा शोक विदा गरिएको छ ।

मिति -२०८२/०५/२४

सन्तोषलाल श्रेष्ठ
नगर प्रमुख